# वार्षिक समीक्षा कार्यक्रमको प्रतिवेदन

## आर्थिक वर्ष २०८०/८१


खैरहनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

खैरहनी, चितवन, बागमती प्रदेश, नेपाल

## विषय सूची

१ .पृष्ठभूमि........................................................................3

२.प्रारम्भिक कार्यक्रम ........................................................................3

३ .प्रस्तुतीकरण........................................................................3

४ .नगर उप प्रमुखको मन्तव्य........................................................................4

५ .नगर प्रमुखको मन्तव्य तथा कार्यक्रमको समापन ........................................................................5

६ .कार्यक्रमको उपस्थिति........................................................................6

७ .कार्यक्रम विवरण ........................................................................9

८ .कार्यक्रमको प्रस्तुतिकरण........................................................................10

९ .बार्षिक समिक्षा कार्यक्रमको केहि झलकहरु........................................................................18

## आ.व. २०८०/८१ को बार्षिक समीक्षा कार्यक्रमको प्रतिवेदन

### १. पृष्ठभूमि

बार्षिक प्रगति समीक्षा कार्यक्रमलाई विगतको राम्रो पक्षबाट सिकेर भविश्यको कार्ययोजना बनाउने बलियो आधारको रुपमा लिइन्छ। मिति २०८१ कार्तिक २८ गते बुधबार बिहान ८:३० बजे खैरहनी नगरपालिकाको सभाहलमा खैरहनी नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को बार्षिक समीक्षा कार्यक्रम सम्पन्न गरियो। कार्यक्रमको अध्यक्षता खैरहनी नगरपालिकाका नगर प्रमुख श्री शशी कुमार खनियाज्युले गर्नुभएको थियो। अन्य सहभागीहरुमा खैरहनी नगरपालिकाका उप प्रमुख कविता उप्रेती, प्रमुख प्रशासकीय अधिकृत, वडाका वडा अध्यक्षहरु तथा कार्यपालिका सदस्यहरु, शाखाका शाखा प्रमुखहरु रहेका थिए । कार्यक्रममा जम्मा ५३ जनाको सहभागिता रहेको थियो । कार्यक्रमको उदघोषण नगरपालिकाका प्रशासकीय आधिकृत श्री नबिन राज रुवालीले गर्नुभएको थियो।

### २.प्रारम्भिक कार्यक्रम

कार्यक्रमको सुरुवात स्वागत मन्तव्य र राष्ट्रिय गानबाट गरिएको थियो भने नगर प्रमुखबाट ब्यानर बचन गरी कार्यक्रम उदघाटन गरिएको थियो। स्वागत मन्तव्यमा बोल्दै प्रमुख प्रशासकीय अधिकृत बिष्णु प्र. सापकोटाले यस एक वर्षको समयावधिमा यथार्थ र वस्तुनिष्ठ कामहरुको समीक्षाको लागी उपस्थित सबैलाई स्वागत गर्नु भयो।

### ३. प्रस्तुतीकरण



नेपाल संविधानको धारा २१४ बमोजिम गठित यस खैरहनी नगरपालिकाले संविधानको अनुसूची-८ मा उल्लेखित एकल अधिकारहरु र अनुसूची-९ मा उल्लेखित साझा अधिकारको साथ साथै स्थानीय सरकार संचालन ऐन २०७४ को विभिन्न दफामा उल्लेख भएका स्थानीय तहका काम, कर्तव्य र अधिकारहरुको प्रयोग गर्ने गरेको छु, जुनसुकै सरकारी निकाय तथा संयन्त्र जनताप्रति जवाफदेही हुनुको साथै आ-आफ्ना कार्यहरुमा पारदर्शिता अपनाउनु पर्ने हुन्छ। आफुले निश्चित अवधिमा सम्पादन गरेका कार्यहरुको पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व बहन गर्नको लागि त्यस्ता निकायहरुले आफ्नो कार्य सम्पन्न भईसकेपछि जनताका प्रतिनिधि, विभिन्न सरोकारवाला निकाय तथा आफ्नो क्षेत्र भित्र संचालित अन्य संचारकर्मीहरु समेतको सहभागितामा समिक्षा गरी त्यसमा भए गरेको कार्यहरुलाई प्रस्ट्याउने, केही कमजोरी भए त्यसको लागि सहभागीहरुबाट प्राप्त सल्लाह, सुझावहरुलाई अगामी दिनमा मार्ग दर्शनको रुपमा लिई सुधार गर्दै जानुपर्ने हुन्छ ।नगरपालिकाले आफुले गरेका कामहरुको समय-समयमा Website तथा संचारको माध्यमबाट सार्वजनिक गर्ने, सार्वजनिक सुनुवाई गर्ने, सार्वजनिक लेखा परिक्षण, सामाजिक लेखा परिक्षणको साथै प्रगति समिक्षा गोष्ठीहरुको आयोजना गरी विगत वर्षमा गरिएका कामहरुको जानकारी र आगामी वर्षमा गर्नुपर्ने सुधारका सम्बन्धमा सरोकारवालाहरु सँग सल्लाह सुझावहरु संकलन गर्नुपर्ने हुन्छ । यसले विगत वर्षहरुमा भएका कमी

कमजोरीहरुलाई सुधार गर्दै नगरपालिकालाई एक निश्चित मार्ग निर्देशन गर्न र जनभावना अनुसार चल्न प्रेरित गर्दछ । त्यसै सिलसिलामा यस नगरपालिकाले आ.व. २०८०/८१ मा सम्पादन गरेका विभिन्न क्षेत्रका कार्यक्रमहरुको वार्षिक प्रगति समिक्षा यहि मिति २०८१/०७/२८ गते बुधबार यसै नगरपालिकाको सभाहलमा सम्पन्न गरेको थियो ।

समीक्षाको मुख्य कार्यक्रमको रुपमा आ.व. २०८०/८१ मा नगरपालिकाबाट सम्पादित योजना तथा कार्यक्रमहरुको प्रस्तुतीकरण रहेको थियो । प्रस्तुतीकरण प्रमुख प्रशासकीय आधिकृत श्री बिष्णु प्र. सापकोटाबाट गरिएको थियो । सबैजसो प्रस्तुतीमा शाखाभित्रका कार्यक्रम र योजना, सोको लागि विनियोजित बजेट, वित्तीय र भौतिक प्रगतिहरु समेटिएका थिए । नगरपालिकाले आ. व. २०८०/८१ मा सम्पन्न गरेको कार्यक्रमहरुमा भौतिक तथा वित्तीय प्रगतिको साथै नगरपालिकाले गरेको उल्लेखनिय कार्यहरुको प्रस्तुती Muti Media मार्फत गर्नु भएको थियो । जसलाई सहभागीहरुले अध्ययन गरी आफुलाई स्पस्ट नभएको कुराहरु सोधनी गर्नु भएको थियो । जसमा कार्यक्रम सम्पन्न भएको विभिन्न योजनाहरुको सचित्र प्रस्तुतीकरण समेत गरिएको थियो ।

**४. नगर उप प्रमुखको मन्तव्य**





कार्यक्रममा नगरपालिकाको समग्र कार्यक्रमहरु समेट्दै नगरपालिका उप-प्रमुख श्री कविता उप्रेतीले आर्थिक वर्ष २०८०/८१ को भएका बिकाश निर्माण लगायतका बारेमा आफ्नो भनाई राख्नुभएको थियो । यस कार्यक्रममा प्रस्तुत भएका र उठेका विषयवस्तुलाई समेटी स्थानीय तह संचालन र संघीयता कार्यान्वयनमा नयाँ अनुभवसँग नियमित कार्यक्रम गर्न चुनौतीपूर्ण रहेको भएतापनि यस चुनौतीलाई चिर्दै अगाडी बढ्नुको विकल्प नरहेको बताउनु भयो । कार्यक्रम तथा योजना/आयोजना संचालनमा रहेका समस्याहरु पर्याप्त पूर्वतयारी, दृढ इच्छाशक्ति, सबैको सहयोग र समन्वय समाधान हुदै जाने, चालु आर्थिक वर्षमा कार्यक्रमलाई प्राथमिकीकरण गर्ने, कार्यक्रम कार्यान्वयनको पूर्वतयारीस्वरुप क्षमता विकास तथा कार्ययोजना निर्माणलाई जोड दिइने विचार राख्नुभयो ।समीक्षा कार्यक्रममा बोल्दै नगर उप प्रमुख कविता उप्रेतीले विकास निर्माणको गुणस्तर र दिगोपनाको लागी जनप्रतिनिधि तथा कर्मचारी मात्रै नभएर सरोकारवाला सबैको सार्थक र निरन्तर पहल हुनु पर्ने बताउनु भयो । उप प्रमुख उप्रेतीले नगरपालिकाले सधैं जनअपेक्षालाई शिरोधार्य गरेर कार्यसम्पादन गर्दै आएको उल्लेख गर्दै आगामी दिनहरुमा समेत यसलाई निरन्तरता दिने बताउनु भयो । सबै शाखा तथा सम्वद्ध निकायहरुको उपलब्धी नै नगरको उपलब्धी हुने भएकोले सम्बन्धित सबैलाई सहयोगको लागि आग्रह गर्दै उहाँले कार्यक्रम संचालनमा सहयोग गर्ने र सकृयतापूर्वक सहभागी हुने सबैलाई धन्यवाद समेत दिनुभयो ।

### ५. नगर प्रमुखको मन्तव्य तथा कार्यक्रमको समापन



कार्यक्रमको अन्त्यमा नगरपालिकाका नगर प्रमुख श्री शशी कुमार खनियाले आफ्नो मन्तव्य राख्दै कार्यक्रम समापनगर्नुभएको थियो। उहाँले समग्ररुपमा कार्यक्रम भव्यताका साथ सफल भएको र सफल बनाउन सहयोग गर्नुहुने सबैलाई धन्यवाद दिनुभयो । कार्यक्रममा नगर प्रमुखले आर्थिक वर्ष २०८०/८१ को नगर र वडा स्तरीय कार्यक्रमहरु केही सम्पन्न भएका र केही सम्पन्न हुने क्रममा रहेका छन् र उक्त आयोजनाहरु पनि समयमै सम्पन्न गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो। नगरका कार्यहरु अत्यन्तै सौहार्दपूर्ण वातावरणमा सञ्चालन भइरहेको, व्यक्तिगत र दलगत स्वार्थ नभएको, विकासका हरेक काममा सहकार्य हुने, यस कार्यक्रम कार्यपालिकाबाट निर्णय भइ छलफलबाटै तय भई कार्य गर्ने बताउनु भयो । मन्तव्यकै क्रममा उहाँले आगामी दिनमा सहमति र सहकार्यको लागि छलफल र अन्तरक्रियालाई अझ बढी प्राथमिकता दिई अगाडी बढ्ने, सबैले परिकल्पना गरेको नगर विकासमा सामुहिक दायित्व र प्रतिवद्धता हुनुपर्नेमा जोड दिनुभयो । वार्षिक समीक्षा कार्यक्रमलाई सम्बोधन गर्दै खैरहनी नगरपालिकाका नगरप्रमुख शशी कुमार खनियाले सबैको साथ सबैको विश्वासले  खैरहनीबासीले अनुभूति गर्ने गरी कार्यसम्पादन गर्ने प्रयत्न गरेको उल्लेख गर्नु भयो । उहाँले नगरपालिका भित्र रहेका समस्याको समाधान तथा नगरबासीको बिकासको आकांक्षा सम्बोधन गर्ने गरी कार्यसम्पादन गर्न सरोकारवाला सबैको सकारात्मक सहयोग र समन्वय रहनु पर्ने विषयमा जोड दिनु भयो। नगर प्रमुख खनियाले गत आर्थिक वर्षमा नगरपालिकाबाट भएका कार्यहरुको सवल पक्ष, सुधार गर्नुपर्ने काम, चुनौंति र अपनाउनु पर्ने रणनितीको बारेमा आफ्नो आफ्नो तर्फबाट सकरात्मक पहल कदमी लिन सरोकारवाला सबैमा अनुरोध गर्नुभयो।  सधैं झैं नगरपालिकाले कार्यान्वियन गरेका विकास योजनाहरुलाई गुणस्तरीय रुपमा समयमै सम्पन्न गर्न सबै पक्षसँग हातेमालो गर्दै अगाडि बढ्ने नगर प्रमुख खनियाको बताउनु भयो। अन्त्यमा, उहाँले नगरभित्र थुपै महत्वपूर्ण र गौरवका आयोजनाहरु रहेको त्यसको लागि बजेट समेतको व्यवस्था भइसकेको अवस्थामा सबैको साथ सहयोग र समन्वय सदैव आवश्यक रहने भन्दै सम्वद्ध सबै पक्षलाई कार्यक्रम सफल बनाउनुहुन सहयोग गर्नुभएकोमा धन्यवाद दिदै कार्यक्रमको समापन गर्नुभएको थियो। यसरी बिहान ८:३० बजे सुरु गरी ११:०० बजे चियापान गरी समापन भएको थियो।

६. **कार्यक्रमको उपस्थिति**


आज मिति २०८१ साल कार्तिक २८ गते बुधबारका दिन बिहान ८.३० बजे खैरहनी नगर पालिकाको आ.व. २०८०/८१ को बार्षिक समीक्षा नगर प्रमुख श्री भगी कुमार खतिया ज्यूको अध्यक्षतामा निम्न बमोजिमको उपस्थितीमा कार्यक्रम सम्पन्न गरीयो।

१) नगर प्रमुख श्री भगी कुमार खतिया
२) नगर उप प्रमुख श्री कबिता उप्रेती
३) प्रमुख प्र. अधिकृत श्री बिष्णु प्र. धापकोटा
४) नगर शिक्षा अधिकारी श्री राजु खतिया
५) वडा अध्यक्ष १ नं. श्री नवराज मुडाल
६) " " २ नं. श्री रोहिणी प्रसाद उप्रेती
७) " " ३ नं श्री पूर्ण बहादुर गुरुङ
८) " " ४ नं श्री बेद बहादुर अधिकारी
९) " " ५ नं श्री छत्र नाथ चुर्वेदी
१०) " " ६ नं श्री कमल प्रसाद न्यौपाने
११) " " ७ नं. श्री मनोज महतो
१२) " " ८ नं श्री शंकर कडेल
१३) " " ९ नं श्री बन्धु राम महतो
१४) " " १० नं. श्री चन्द्र बिक्रम चौधरी
१५) " " ११ नं. श्री दिपेन्द्र कुमार दमाई
१६) " " १२ नं श्री केदार नाथ पन्त
१७) " " १३ नं. श्री कुल प्रसाद मुडाल
१८) कार्यपालिका सदस्य श्री बुधरनिया महतो
१९) " " श्री आनन्द दर्लाई
२०) " " श्री गोमा मुडेल
२१) " " श्री मैया वि.क.

२२, कार्यपालिका सदस्य श्री बिक्रमिया चौधरी
२३, ,, ,, श्री मेनुका परियार
२४, ,, ,, श्री बिष्णु माया कामी
२५, ,, ,, श्री दुखिराम चौधरी
२६, पशु वि० अधिकृत श्री रुद्र कुमार डोंगर
२७, मेडिकल अधिकृत डा० श्री गौरव घिमिरे
२८, लेखा अधिकृत श्री गोपाल तिवारी
२९, जन स्वास्थ्य अधिकृत श्री मोजराज खनाल
३०, इन्जिनियर श्री सन्दिप ओझा
३१, ,, श्री शिव प्रसाद शर्मा
३२, प्रशासकीय अधिकृत श्री शिव प्र० पौडेल
३३, ,, ,, श्री नविन राज ज्ञवाली
३४, ,, ,, श्री दामोदर अधिकारी
३५, बाल क्लब ई० श्री आशिष पौडेल
३६, महिला वि० अ० श्री कुसुम कुमारी गुरुङ
३७, विद्यालय निरीक्षक श्री रविन्द्र प्र० देवकोटा
३८, कृषि वि० अधिकृत श्री गौरव [illegible]
३९, रोजगार संयोजक श्री सलिम मिया
४०, सूचना प्रविधि अ० श्री सुजन लौडारी
४१, अधिकृत छैठौं श्री फुल प्र० भुसाल
४२, लेखापाल श्री मनोज दुवेदी
४३, कानूनी सहजकर्ता श्री संजय कुमार चौधरी
४४, पशु चिकित्सक डा. निशान अर्याल

DATE:

४६। ह.ले.पा. श्री लोकनाथ अधिकारी — लोकनाथ
४७। नगर प्रहरी हवलदार श्री डम्बर प्र. पुरोहित
४८। ह.स.च्या. मित्र बहादुर पाण्डे
४९। प्रा.स. श्री ध्रुव आचार्य
५०। का.स. श्री सपना बस्नेत
५१। का.स. श्री संविधान प्रजा
५२ का.स. श्री हिमा थापा
५३ " श्री सुभद्रा पन्त

**७. कार्यक्रम विवरण**

**खैरहनी नगरपालिका**
**वार्षिक समीक्षा**
**गोष्ठी कार्यक्रम तालीका कार्तिक २८, २०८१**

१. शुभारम्भ कार्यक्रम

अध्यक्षता : नगर प्रमुख श्री शशी कुमार खनिया

आसन ग्रहण

उप प्रमुख श्री कविता उप्रेती

सबै वडाध्यक्षज्युहरु

सबै कार्यपालिका सदस्यहरु

सबै वडा समिति सदस्यहरु

प्रमुख प्रशासकीय अधिकृत

नगर शिक्षा आधिकारी

नगरका सबै शाखा प्रमुखहरु

२. प्रमुख प्रशासकीय ज्युबाट स्वागत मन्तव्य

३. नगर प्रमुखबाट बार्षिक समिक्षा कार्यक्रमको व्यानर वचन गरी कार्यक्रमको समुदघाटन

४. प्रमुख प्रशासकीय अधिकृत ज्युबाट प्रस्तुती

५. खुल्ला छलफल

६. प्रमुख प्रशासकीय अधिकृत ज्युबाट उठेको सवालहरुको सबोधन

७. खाजा

८. नगर उप-प्रमुख ज्युबाट मतंव्य

९. नगर प्रमुख ज्युबाट मन्तव्य सहित कार्यक्रमको समापन

## ८. कार्यक्रमको प्रस्तुतिकरण




























बेरुजुको अवस्था

आ.व. २०७८/७९ सम्मको बेरुजु रकम = १४ करोड १९ लाख
आ.व. २०७९/८० सम्मको थप बेरुजु सहितको कुल रकम = १५ करोड ४८ लाख

हाल सम्म फछ्र्यौट रकम र प्रतिशत = ४ करोड १६ लाख, (२६.९१%)

हाल कायम बेरुजु रकम = ११ करोड ३२ लाख



























संचित कोषको अवस्था

| क्र.स. | विवरण | रकम रु (हजारमा) | कैफियत |
|---|---|---|---|
| १ | गत आ.व २०७९.८० को मौज्जात | 21,19,67,755/23 | |
| २ | यस वर्ष आ.व. २०८०.८१ को प्राप्ति | 82,86,28,347/12 | |
| ३ | यस वर्ष (आ.व. २०८०.८१ को) भुक्तानी | 93,27,04,575/37 | |
| ४ | बचत/घाटा | - | |
| ५ | आ.व. को अन्तमा (आ.व. २०८०.८१) सञ्चित कोषमा बाँकी | **10,78,91,526/98** | |

आन्तरिक राजश्व (आ.व. २०८०.८१)

| क्र. स. | विवरण | पालिकाले आफै संकलन गरेको रु. | राजश्व बाडफाडबाट प्राप्त रु | कुल जम्मा |
|---|---|---|---|---|
| १ | कर / राजश्व | 92,03,333.50 | 6,54,38,029.56 | 7,46,41,363.06 |
| २ | गैर कर राजश्व | 7,01,26,584.77 | - | 7,01,26,584.77 |
| ३ | अन्य राजश्व | - | - | - |
| ४ | जम्मा | 7,93,29,918.27 | 6,54,38,029.56 | 4,47,67,947.83 |

### प्राप्त अनुदान (आ.व. २०८०.८१)

| क्र. स. | विवरण | नेपाल सरकार | प्रदेश सरकार | कुल जम्मा |
|---|---|---|---|---|
| १ | समानीकरण अनुदान | 14,65,68,000/- | 1,68,28,000/- | 16,33,96,000/- |
| २ | सशर्त अनुदान | 24,25,12,318/- | 2,05,30,000/- | 26,30,42,318/- |
| ३ | समपुरक अनुदान | 51,08,259 I 74 | 31,69,5594/- | 3,68,03,853 I 74 |
| ४ | विशेष अनुदान | 1,63,42,288/- | 53,97,015/- | 2,17,39,303/- |
| ५ | जम्मा | **41,05,30,865 I 74** | **7,44,50,609/-** | **48,94,81,474 I 74** |

### अन्य निकाय बाट प्राप्त रकम (आ.व. २०८०.८१)

| क्र.स. | निकाय | वापत | प्राप्त रकम रु |
|---|---|---|---|
| १ | जिल्ला समन्वय समिति | पूर्वाधार निर्माण (विगत वर्षको सोधभर्ना रकम) | २९,९८,१३८.०० |


### विषय क्षेत्रगत/उपक्षेत्रगत वार्षिक बजेट विनियोजन र खर्च रु

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १०,९७,०६,०००.०० | ७,०४,७४,००२.१० | ६४.२३ |
| २ | सामाजिक विकास | ३६,१२,९९,३५०.०० | ३०,८५,१९,८१८.६५ | ८५.३९ |
| ३ | पूर्वाधार विकास | ५१,९९,१५,३१६.३४ | ४४,६८,४३,७९३.४२ | ८५.९५ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २,२०,५३,०००.०० | १,५८,३९,९७३.०० | ७१.८३ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १४,६२,०७,६५०.०० | १३,१२,१९,८५४.३१ | ८९.७५ |
| कुल जम्मा | | १,१५,९१,८१,३१६.३४ | ९७,२८,९७,४४१.४८ | ८३.९२ |




















- ✓ बा आमा स्वास्थ्य कार्यक्रम
- ✓ गर्भवती महिला तथा बालबालिकाहरुलाई खोप सेवा र दादुरा रुबेला खोप अभियान
- ✓ उप-प्रमुखसँग गर्भवती तथा सुत्केरी स्याहार कार्यक्रम
- ✓ विपन्न बालबालिकालाई पोषण कार्यक्रम
- ✓ विपन्न स्वास्थ्य बिमा अनुदान कार्यक्रम
- ✓ आइपिभी खोप अभियान
- ✓ सुत्केरी महिला तथा नवजात शिशुलाई घरमै गएर स्वास्थ्य जाँच




- ✓ खैरहनी चोक देखी वडा नं १२ को सडकमा ढल सहितको नाला निर्माण कार्य,
- ✓ साईराम चोकबाट कुमरोजसम्म सडक नाला निर्माण कार्य,
- ✓ खैरहनी १ ज्यमिरेको दुवै तर्फ बाटो तथा नाला निर्माण,
- ✓ चैनपुर चोक देखि उत्तर तर्फ पुल देखी विन्दवासिनी चोक हुँदै शिवालय जाने बाटो,
- ✓ वडा नम्बर ८ मगनी चोक देखि उत्तर खैरहनी ३ को वडा कार्यालय जाने बाटो ढल पेटी सहितको सडक निर्माण र सिमल टाँडी चोक उत्तर दक्षिण दुवै तर्फ सडक निर्माण
- ✓ खैरहनी २ को सिंगापुर डाँडा र च्यामे डाँडा बस्तीको सडक तथा ढल विस्तार योजना
- ✓ पर्सा चोक लालटिन बजार सुल्तना हुँदै ढुङ्ग्रे खोला पुल सम्म जाने सडक, शान्ति बजार कठार बाटो तथा नाला निर्माण कार्य,
- ✓ वडा न ८ मगनी गाउँ देखी उद्योग संघ हुँदै लदरी खोला जाने ठूलो घोल तटबन्धन तथा आर.सि.सि वाल निर्माण कार्य,
- ✓ चौबीस कोठी चोक बाट उनान टोल हुँदै पटेनीसम्म र वडा नं ५ बाट नयाँ पुल हुँदै गवै जाने बाटो नाला सहित सडक निर्माण,




| विवरण | संख्या | लगत कट्टि | वितरित रकम (रु हजारमा) | कैफियत |
|---|---|---|---|---|
| अन्य जेष्ठ नागरीक | 4,044 | 135 | 48,07,9029 | |
| दलित जेष्ठ नागरीक | 146 | 4 | 11,49,120 | |
| एकल महिला | 510 | 23 | 37,87,840 | |
| लोपोन्मुख | - | | - | |
| अशक्त अपांङ रातो | 141 | 2 | 1,71,810 | |
| अशक्त अपांङ नीलो | 308 | 4 | 19,44,992 | |
| दलित बालवालिका | 199 | 18 | 3,09,487 | |
| विधुवा | 804 | 17 | 63,49,420 | |
| जम्मा | 6,114 | | | |
| सामाजिक सुरक्षा भत्ता वापत भुक्तानी हुने कूल रकम रु हजारमा | 6,35,43,197 | | | |




- ✓ यस आ.व भित्र विभिन्न १३ वटा कानुन निर्माण भएका छन् ।
- ✓ QR तथा अनलाईन मार्फत कर तिर्ने व्यवस्था गरिएको छ ।
- ✓ जनप्रतिनिधी कर्मचारी शिक्षक तथा सामुदायिक नेतृत्व कर्ता, कृषकलाई क्षमता विकासका तालिम सञ्चालन गरिएको छ ।






- ✓ वित्तीय सुशासन तथा जोखिम मूल्याङ्कन (FRAP) मा देशमै प्रथम भएको छ ।
- ✓ LISA मा देशमै उत्कृष्ठ अंक प्राप्त गरेको छ ।
- ✓ गरिवी निवारण, सामाजिक न्याय, पूर्वाधार निर्माण, उत्पादन बृद्धीमा महत्त्वपूर्ण उपलब्धी हाँसिल भएको छ ।




| विवरण | दर्ता संख्या |
|---|---|
| जन्म दर्ता | 6320 |
| विवाह दर्ता | 3360 |
| बसाई सराई दर्ता | 1295 + 642 = 1937 |
| सम्बन्ध विच्छेद | 245 |
| मृत्यू दर्ता | 2002 |
| कूल घटना दर्ता | 13,864 |

इजालासको व्यवस्था




उजुरी फर्छ्यौट प्रतिशतः ६४.१%






ढुंग्रे खोला तटबन्धन – खैरहनी ७,१०



बुढी राप्ती खोला तटबन्धन – खैरहनी ६,८



ढुंग्रे खोला तटबन्धन – खैरहनी ७,१०












अपाङ्ग मैत्री बाटो – खैरहनी ८





अपाङ्ग मैत्री बाटो – खैरहनी ९



अपाङ्ग मैत्री बाटो – खैरहनी ५



ओपन जिम – खैरहनी ८




















किसान तपाइलाई के चाहिन्छ कार्यक्रम अन्तरगत सिचाई



किसान तपाइलाई के चाहिन्छ कार्यक्रम अन्तरगत सिचाई





धन्यवाद

## ९. बार्षिक समिक्षा कार्यक्रमको केहि झलकहरु




खैरहनी नगरपालिका नगर कार्यपालिकाको
आ.व. ०८०/८१ को वार्षिक समीक्षा
मितिः २०८१ कात्तिक २८ गते स्थानः खैरहनी नगरपालिकाको सभाहल
आयोजकः
खैरहनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खैरहनी नगरपालिका, चितवन




आ.व. ०८०/८१ को वार्षिक समीक्षा


सौरहनी नगरपालिका नगर कार्यपालिकाको
आ.व. ०८०/८१ को वार्षिक समीक्षा


कृषि
✓ किसान तपाइलाई के चाहिन्छ अन्तरगत सिचाई कार्यक्रम
✓ उन्नत चैते-५ धानको बीउ वितरण
✓ मौरी कृषकलाई मह भण्डारण बाल्टिन वितरण
✓ एक वडा एक कृषि सहकारी अन्तरगत मेसिनरी वितरण
✓ वर्षभरि माटो परिक्षण र बिमा कार्यक्रम संचालन
✓ बिपन्न कृषकलाई जग्गा भाडामा अनुदान कार्यक्रम
✓ कृषकको खेत बारीमा पुगी प्राविधिक परामर्श प्रदान
✓ प्याज खेतीमा कठ्ठाको ३ हजार प्रोत्साहन अनुदान

## १०. बार्षिक समीक्षा कार्यक्रमको विभिन्न संचार माध्यमबाट प्रकाशित समचारहरु



### खैरहनी नगरपालिकाको वार्षिक समीक्षा

खैरहनी । खैरहनी नगरपालिकाले आर्थिक वर्ष २०८०/८१ को कार्यसम्पादनको समीक्षा कार्यक्रम सम्पन्न गरेको छ । नगरपालिकाले गत आर्थिक वर्षमा सम्पन्न गरेका योजना, नीति तथा कार्यक्रमहरूको वार्षिक प्रगति समीक्षा कार्यक्रम सम्पन्न गरेको हो ।

नगरपालिकाको सभाहलमा सञ्चालन भएको समीक्षा कार्यक्रममा आर्थिक वर्ष २०८०/८१ मा नगरपालिकाभित्रका विषयगत शाखा र १२ वटै वडाबाट वार्षिकरूपमा सञ्चालन भएका आयोजना, कार्यक्रमको भौतिक र वित्तीय प्रगति, योजना तथा कार्यक्रमको कार्यान्वयनमा आएका समस्या तथा चुनौती र आगामी दिनमा नगरपालिकाले अवलम्बन गर्नुपर्ने समाधानका नीतिगत उपायका बारेमा अन्तर्क्रिया गरिएको नगरपालिकाले जानकारी दिएको छ ।

वार्षिक समीक्षा कार्यक्रमलाई सम्बोधन गर्दै खैरहनी नगरपालिकाका नगरप्रमुख शशिकुमार खनियाँले सबैको साथ र सबैको विश्वासले खैरहनीवासीले अनुभूति गर्ने गरी कार्यसम्पादन गर्ने प्रयत्न गरेको उल्लेख गरे । उनले नगरपालिकाभित्र रहेका समस्याको समाधान तथा नगरवासीको विकासको आकांक्षा सम्बोधन गर्ने गरी कार्यसम्पादन गर्न सरोकारवाला सबैको सकारात्मक सहयोग र समन्वय रहनुपर्ने विषयमा जोड दिए ।

नगरप्रमुख खनियाँले गत आर्थिक वर्षमा नगरपालिकाबाट भएका कार्यहरूको सबल पक्ष, सुधार गर्नुपर्ने काम, चुनौती र अपनाउनुपर्ने रणनीतिका बारेमा आआफ्नो तर्फबाट सकारात्मक पहलकदमी लिन सरोकारवाला सबैमा अनुरोध गरे । सबैले नगरपालिकाले कार्यान्वयन गरेका विकास योजनाहरूलाई गुणस्तरीयरूपमा समयमै सम्पन्न गर्न सबै पक्षसँग हातेमालो गर्दै अगाडि बढ्ने उनले बताए ।

समीक्षा कार्यक्रममा बोल्दै नगर उपप्रमुख कविता उप्रेतीले विकास निर्माणको गुणस्तर र दिगोपनाका लागि जनप्रतिनिधि तथा कर्मचारीमात्रै नभएर सरोकारवाला सबैको सार्थक र निरन्तर पहल हुनुपर्ने बताइन् । उनले नगरपालिकाले सधैं जनअपेक्षालाई शिरोधार्य गरेर कार्यसम्पादन गर्दै आएको उल्लेख गर्दै आगामी दिनहरूमा समेत यसलाई निरन्तरता दिने बताइन् ।

वार्षिक समीक्षा कार्यक्रममा नगरपालिकाका सम्पूर्ण शाखा र वडासमितिबाट आर्थिक वर्ष २०८०/८१ मा भएका कार्यसम्पादनबाट नगरपालिकाले प्राप्त गरेका उपलब्धिका सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृत विष्णु सापकोटाले प्रस्तुतीकरण गरेका थिए ।

"सम्पूर्ण मोबाइल व्यवसायी एक हौं"
चितवन मोबाइल व्यवसायी संघ

# खैरहनी नगरपालिकाको वार्षिक समीक्षा सम्पन्न

कायाकैरन

बुधबार, कार्तिक २८, २०८१ / १४ घण्टा अगाडि प्रकाशित



**Samabesi Khabar समाबेसी खबर**
17h ·

खैरहनी नगरपालिकाको वार्षिक समीक्षा सम्पन्न
#samabesikhabar #chitwannews



samabesikhabar.com
**खैरहनी नगरपालिकाको वार्षिक समीक्षा सम्पन्न | समाबेसी खबर**

**Chitwan Post**
18h ·

खैरहनी नगरपालिकाले आर्थिक वर्ष २०८०/८१ को कार्यसम्पादनको समीक्षा कार्यक्रम सम्पन्न गरेको छ ।




chitwanpost.com.np
**खैरहनी नगरपालिकाको वार्षिक समीक्षा सम्पन्न**

**Great Tv** is with **खैरहनी नगरपालिका, चितवन** and **ग्रेट टिभि**.

20h ·

खैरहनी नगरपालिकाको वार्षिक समीक्षा सम्पन्न ।

२०८१ कार्तिक २८ गते ।... See more






ujayalokhabar.com

**खैरहनी नगरपालिकाको वार्षिक समीक्षा सम्पन्न**